# सिद्धिचरण नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## ओखलढुंगा

फोन नम्वर
०३७-५२०६२५
०३७-५२०२१३
फ्याक्स नम्वर
०३७-५२००५१

(१ नं.प्रदेश), नेपाल


प.सं.:०७७/०७८
च.नं.:१८४३

मितिः२०७७।१२।१३

सिद्धिचरण नगरपालिकाद्धारा जनहितका लागि जारी गरिएको सूचना ।

हाल कोभिड-१९ को प्रकोप छिमेकी मुलुक भारतमा थप क्रियाशील भई संक्रमितको दर बढ्दै गएको र मृत्युदरमा समेत बृद्धि भएको सन्दर्भमा खुला सीमाको कारण सीमानाकाहरूबाट मानिसहरूको आवतजावतको माध्यमबाट संक्रमण विस्तार हुन सक्ने हुँदा आम नागरिकहरूलाई सजग र सतर्क रही जनस्वास्थ्य सम्बन्धी मापडण्ड पालना गर्ने/गराउने सम्बन्धमा जिल्ला संकट व्यवस्थापन केन्द्र ओखलढुंगाको मिति २०७७/१२/११ बैठकले तपसिल अनुसारको निर्णय गरेकोले उक्त निर्णय कार्यान्वयन गर्न/ गराउन सम्बन्धित सबै सरोकारवालाहरूमा अनुरोध गरिन्छ ।

तपसिल

१आउदै गरेको फागु पूर्णिमा (होली) को अवसरमा भिडभाड नगरी सामाजिक दूरी कायम गरी होली मनाउने ।

२.सबै कार्यालय/निकाय/संघ/संस्थाले सेवा प्रवाहको क्रममा सेवा प्रदायक तथा सेवाग्राही सबैले **Mask** अनिवार्य रूपमा प्रयोग गर्ने । साथै समय समयमा **Sanitizer** लगाउने, साबुन पानीले हात धुने तथा सामाजिक दुरीको ब्यवस्था मिलाउने ।

३.सबै किसिमका बैठक,सेमिनार,गोष्ठी गर्नु पर्दा भर्चुअल माध्यामबाट गर्ने ।अत्यावस्यक कार्यको लागि बैठक, सेमिनार गर्दा सामाजिक दूरी तथा स्वास्थ्य सम्बन्धी मापडण्डको अनिवार्य पालना गर्ने ।

४.रात्रीकालीन समयमा सञ्चालन हुने ब्यवसायको सन्दर्भमा जनस्वास्थ्यका मापडण्ड तथा सामाजिक दूरी पालना गर्ने गरी बेलुका ७ बजेसम्म मात्र सञ्चालन गर्ने ।

५.बिदेशबाट यस जिल्लाभित्र प्रवेश गर्ने ब्यक्तिहरूको अभिलेख सम्बन्धित स्थानीय तहले राखी सोको जानकारी जिल्ला प्रशासन कार्यालयलाई उपलब्ध गराउने । साथै यसरी प्रवेश गर्ने ब्यक्तिहरूलाई स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मापडण्ड अनुसार अनिवार्य रूपमा होम क्वारेन्टिनमा बस्ने ब्यवस्था मिलाउने ।

६. घर वाहिर निस्कनु परेमा अनिवार्य रूपामा मास्क लगाउने लगायतका जनस्वास्थ्य सुरक्षाका मापडण्डहरू पालना गर्ने तथा गराउने ।

७. माथी उल्लेखित शर्तहरू पालना नगर्ने ब्यक्तिहरूलाई नियन्त्रण लिई संक्रमक रोग ऐन, २०२० बमोजिम कारवाही हुने ।

............
मोहन कुमार श्रेष्ठ
नगर प्रमुख